# युवा पत्रकारिता पुरस्कार कार्यविधि
# २०७५

नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं

# युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५

**पस्तावनाः**

पत्रकारिताको माध्यमबाट नेपालको युवा विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने नेपाली पत्रकारहरुलाई पुरस्कृत गर्ने प्रकृयालाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाउन बाञ्छनीय भएकोले युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद-एक**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "पत्रकार" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि विद्युतीय तथा छापा माध्यमबाट युवा विकासको क्षेत्रमा पत्रकारिता गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ख) "युवा पत्रकारिता पुरस्कार सिफारिस समिति" भन्नाले दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्छ ।

(ग) "युवा पत्रकारिता पुरस्कार" भन्नाले दफा ४ बमोजिमका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने पत्रकाहरुलाई प्रदान गर्ने पुरस्कारलाई सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।

## परिच्छेद-दुई

## युवा पत्रकारिता पुरस्कार सिफारिस सम्बन्धी व्यवस्था

३. **युवा पत्रकारिता पुरस्कार सिफारिस समिति** (१) युवा पत्रकारिता पुरस्कारका लागि दफा ४ बमोजिमका क्षेत्रमा उत्कृष्ट योगदान गर्ने पत्रकारको नाम सिफारिस गर्न देहाय बमोजिमको युवा पत्रकारिता पुरस्कार सिफारिस समिति रहनेछः

(क) सचिव, युवा तथा खेलकुद मन्त्रालय - संयोजक
(ख) सहसचिव (युवा हेर्ने), युवा तथा खेलकुद मन्त्रालय - सदस्य
(ग) प्रशासकीय प्रमुख, राष्ट्रिय युवा परिषद् - सदस्य
(घ) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधि (सम्बन्धित विषय हेर्ने उपसचिव) - सदस्य
(ङ) शाखा प्रमुख(उपसचिव), कार्यक्रम संचालन गर्ने शाखा, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको युवा पत्रकारिता पुरस्कार सिफारिस समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) युवा पत्रकारिता पुरस्कार सिफारिस समितिले बैठकमा आवश्यतानुसार सम्बन्धित क्षेत्रका बढीमा तीन जनालाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक कार्यालय समयभन्दा बाहिर बस्दा मात्र नियमानुसारको खाजा तथा बैठक भत्ता उपलब्ध गराइनेछ।

(५) उपदफा (१) बमोजिमको समितिले दफा ४ बमोजिमका क्षेत्रमा क्रियाशील रही उत्कृष्ट योगदान गरेका पत्रकारहरुमध्येबाट एक जना महिला पत्रकार सहित कम्तिमा चार जना पत्रकारहरुलाई पुरस्कारको लागि मन्त्रालय समक्ष सिफारिस गर्नुपर्नेछ ।

(६) उपदफा (१) बमोजिमको समितिको बैठकको अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-तीन

## युवा पत्रकारिता पुरस्कारको लागि पत्रकार सिफारिस सम्बन्धी व्यवस्था

४. **युवा पत्रकारिता पुरस्कारको लागि सिफारिसको क्षेत्रः** युवा पत्रकारिता पुरस्कारको लागि सिफारिस गर्दा पत्रकारिताको देहायका क्षेत्रमा आधारित हुनु पर्नेछः

(क) छापा, पत्रपत्रिका (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक र अन्य) ।

(ख) रेडियो, एफ.एम. रेडियो ।

(ग) टेलिभिजन ।

(घ) अनलाइन सञ्चारमाध्यम आदि।

५. <u>युवा पत्रकारिता पुरस्कारको सिफारिसको आधारः</u> युवा पत्रकारिता पुरस्कारको लागि सिफारिस गर्दा देहायका कुराहरुलाई आधारको रुपमा लिइनेछ।

(क) <u>न्यूनतम योग्यताको आधार</u>

युवा पत्रकारिता पुरस्कारको लागि सिफारिस गर्दा देहायका कुराहरुलाई न्यूनतम योग्यताको आधारको रुपमा लिइनेछः

(१) युवाका सवाल, युवाका अधिकार, कर्तव्य, उद्यमशिलता, स्वरोजगार, स्ययंसेवा, सहभागिता, सकारात्मक सोच प्रवाह आदिमा पत्रकारिताको माध्यमबाट निरन्तर योगदान पुऱ्याईरहेको,

(२) युवा पत्रकारिता क्षेत्रमा निरन्तर क्रियाशील रहेको,

(३) पत्रकार आचारसंहिताको पूर्ण पालना गरेको,

(४) सरकारी पेश्की तथा बेरुजु नरहेको।

(ख) <u>मूल्याङ्कनको आधार</u>

युवा पत्रकारिता पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको आधारमा मूल्याङ्कन गरिनेछः-

| क्र.सं. | मूल्याङ्कनको आधार | पूर्णाङ्क |
|---|---|---|
| १ | युवा जागरण, श्रमको सम्मान र सकारात्मक सोच प्रवर्धनमा सहयोग पुऱ्याएको | १५ |
| २ | युवा विकासका सवालमा उपलब्ध अवसर र सम्भावना उजागर गरेको | १५ |
| ३ | युवा उद्यमशिलता विकासमा समाचार सम्प्रेषण गरी योगदान पुऱ्याएको | १० |
| ४ | युवा विकासका सवालमा खोजमूलक पत्रकारितामार्फत योगदान पुऱ्याएको | १० |
| ५ | युवा पत्रकारिताको क्षेत्रमा निरन्तर कार्यरत रहेको | १० |
| ६ | युवा रोजगारी तथा स्वरोजगारीका सवालमा समाचार, लेखमार्फत योगदान पुऱ्याएको | १० |

| | | |
|---|---|---|
| ७ | पत्रकारिताको माध्यमबाट विशेष प्राथमिकताका समूहका युवाको विकासमा क्रियाशील रहेको | १० |
| ८ | दुर्गम क्षेत्र तथा मोफसलमा रहेर पत्रकारिताको माध्यमबाट युवा विकासको क्षेत्रमा क्रियाशील रहेको | १० |
| ९ | सामाजिक विकृति, विसङ्गति, विभेद न्यूनीकरण तथा सामाजिक सद्भाव र शान्ति निर्माणका सवाल पत्रकारिताको माध्यमबाट उजागर गरेको | १० |
| | **जम्मा** | **१००** |

<u>**नोटः**</u>

उल्लिखित सबै आधारहरूमा अङ्क प्रदान गर्दा समाचार वा लेखरचनाको पटक वा शृङ्खलालाई गणना गरी धेरै पटक स्तरीय समाचार वा लेख प्रकाशन प्रसारण गर्ने पत्रकारलाई बढी अङ्क प्रदान गर्नुपर्नेछ। उमेदवार वा मनोनयनकर्ताले उपलब्ध गराएको सम्पादित कार्यको विद्युतीय तथा मुद्रित प्रतिका आधारमा अङ्क प्रदान गर्नु पर्नेछ।

क्र.सं.४मा- खोजमूलक पत्रकारिता भन्नाले विभिन्न क्षेत्र र भूगोलमा युवाले गरेका उदाहरणीय कार्य एवं सफलताका दृष्टान्तहरुको स्थलगत रिपोर्टिङ, सबै तहका सरकारका नीति, कार्यक्रम तथा तिनको कार्यान्वयन र उपलब्धी तथा समस्या र समाधानका विषयमा खोजमूलक, अनुसन्धानात्मक एवं विवेचनात्मक रुपमा प्रस्तुत सामाग्रीहरुलाई बुझ्नुपर्छ।

क्र.सं.५मा- कार्यरत अवधि ५ वर्षभन्दा बढीलाई १०अङ्क, ३-५ वर्षभन्दा कमलाई ८ अङ्क र ३ वर्षभन्दा कमलाई ५ अङ्क दिने ।

क्र.सं.८ मा-कम्तिमा एक वर्षदेखि निरन्तर रूपमा नेपाल सरकारबाट घोषित दुर्गम तथा पिछडिएको क्षेत्रमा कार्यरत पत्रकारलाई १० अङ्क, मोफसलमा कार्यरतलाई ६ अङ्क र काठमाडौं उपत्यकामा कार्यरतलाई ४ अङ्क दिने ।

## ६. <u>युवा पत्रकारिता पुरस्कार तथा सम्मानको लागि छनौट प्रकृयाः</u>

युवा पत्रकारिता पुरस्कार तथा सम्मानको लागि छनौट प्रकृया देहाय अनुसारको हुनेछः

(क) मन्त्रालयको युवा पत्रकारिता प्रोत्साहन पुरस्कार सिफारिस समितिको सचिवालयले प्रत्येक आर्थिक वर्षमा युवा पत्रकारिता पुरस्कारको लागि कम्तिमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ। सूचना मन्त्रालयको वेभसाईट www.moys.gov.np मा राखुका साथै प्रेस काउन्सिल नेपाल तथा नेपाल पत्रकार महासंघलाईसमेत जानकारी पठाइनेछ ।

(ख) सूचनामा तोकिएको म्यादभित्र योग्य पत्रकारको नाम पत्रकार आवद्ध संस्था वा २ जना बरिष्ठ पत्रकारबाट अनुसूची-१ बमोजिमको ढाँचामा समितिको सचिवालयमा मनोनयन दर्ता गराउनु पर्नेछ ।

(ग) म्याद भित्र दर्ता हुन आएका सबै मनोनयनहरुको तुलनात्मक विवरण तयार गरी सचिवालयले समिति समक्ष पेश गर्नुपर्नेछ।

(घ) युवा पत्रकारिता पुरस्कार सिफारिस समितिले दफा ५ को खण्ड (क) बमोजिमको न्यूनतम योग्यता पुगेका पत्रकारहरुको दफा ५ को खण्ड (ख) बमोजिमको आधारमा दफा ४ बमोजिमका क्षेत्रमाको छुट्टाछुट्टै मूल्याङ्कन गर्नुपर्नेछ।

(ङ) खण्ड (घ) बमोजिम मूल्याङ्कन गर्दा कुनै क्षेत्रमा मनोनयनमा परेका सबै पत्रकारहरूले ६० भन्दा कम अङ्क प्राप्त गरेको अवस्थामा सो क्षेत्रबाहेकका पत्रका पत्रकारलाई पुरस्कारका लागि सिफारिस गर्नुपर्नेछ। त्यस्तो अवस्थामा को सट्टा अन्य बाँकी क्षेत्रमा ६० अङ्कभन्दा माथि बढी अङ्क प्राप्त गर्ने पत्रकारलाई पुरस्कार प्रदान गर्न सकिनेछ।

(च) पुरस्कारका लागि सिफारिस भएका पत्रकारहरुको नाम पुरस्कृत गर्ने निर्णय गर्नुपूर्व कम्तिमा ५ दिनको समय दिई सिफारिस भएका पत्रकारका बारेमा कुनै उजुरी भए लिखित रुपमा सप्रमाण पेश गर्न सक्ने गरी मन्त्रालयको वेभसाईटमा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ।

(छ) दफा ६को खण्ड (ङ) बमोजिम प्रकाशित सूचनाको म्याद भित्र कुनै उजुरी पर्न आएमा मन्त्रालयले सो को किनारा लगाएर मात्र पुरस्कार प्रदान गर्ने सम्बन्धमा निर्णय गरी पुरस्कृत गर्न छनौट भएका पत्रकारहरुलाई कार्यक्रम आयोजना गरी पुरस्कार प्रदान गर्नेछ।

(ज) यस कार्यविधिबमोजिम एकपटक पुरस्कृत भएको पत्रकारलाई पाँच वर्ष पूरा नभई सोही पुरस्कारका लागि पुन मनोनयन वा छनौट गरिने छैन।

## परिच्छेद-चार

## विविध

७. **युवा पत्रकारिता पुरस्कारको रकमः**

प्रत्येक आर्थिक वर्षमा युवा पत्रकारिता पुरस्कार सिफारिस समितिको सिफारिस बमोजिम मन्त्रालयबाट छनौट भएका नेपाली पत्रकारलाई जनही पचास हजार रुपैंयाको दरले पुरस्कार र सम्मान पत्र प्रदान गर्नेछ।

८. **बजेट व्यवस्थाः**

यस कार्यविधि बमोजिम युवा पत्रकारिता पुरस्कार तथा सम्मानका लागि आवश्यक रकमको व्यवस्था मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम हुनेछ।

९. **बाधा अड्काउ फुकाउन सक्नेः**

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

# अनुसूची-१

(युवा पत्रकारिता पुरस्कार लागि मन्त्रालयसमक्ष मनोनयन गर्ने फारामको ढाँचा)

मितिः..........................

श्रीमान् सचिवज्यू,
युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषयः युवा पत्रकारिता पुरस्कारको लागि मनोनयन गरिएको बारे।**

महोदय,

युवा तथा खेलकुद मन्त्रालयद्वारा मिति ................................ मा प्रकाशित सार्वजनिक सूचना अनुसारको पुरस्कार प्रदान गर्नको लागि तपिशल बमोजिमको विवरण तथा कागजातहरु सहित म/हामी/यो संस्था पत्रकार श्री .................................लाई युवा पत्रकारिता पुरस्कारको लागि मनोनयन गर्दछु/गर्दछौं/गर्दछ।

मनोनयन गरिएको पत्रकारको

१. नाम, थरः- ....................................  लिङ्गः

२. ठेगानाः-

(क) **स्थायीः** प्रदेशः........................ जिल्लाः.................... गा.पा./न.पा. ..................... वडा नं. ......... टोलः..........................

(ख) **पत्रकार हाल कार्यरत रहेकोः** प्रदेशः......................जिल्लाः.................... गा.पा./न.पा. ..........................

(ग) **पत्रकार आवद्ध सञ्चार संस्थाः** .......................................... पत्रकारको मोबाइल नं. .................

३. युवाका सवालमा पत्रकारितामा क्रियाशील रहको अवधिः

४. मनोनयन गर्नुको आधारः(सम्भव भएसम्म कार्यविधिको दफा ५(ख) का क्षेत्रमा आधारित भई बुँदागत रुपमा उल्लेख गर्ने)

-

-

**मनोनयन गर्नेकोः-**

दस्तखतः  नाम,थरः  ठेगानाः

संलग्न पेशा/व्यवसायः  सम्पर्क नं.  संस्थाको नाम, ठेगानाः

(संस्थाले मनोनयन गरेकोमा संस्था प्रमुखको विवरण उल्लेख गर्ने र संस्थाको छाप अनिवार्य हुनुपर्ने)

**संलग्न गर्नुपर्ने कागजात**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) पत्रकार परिचय-पत्रको प्रतिलिपि ।

(ग) युवा विकासका विषयमा पत्रकारद्वारा प्रकाशित, प्रशारित सामाग्री/श्रृखंलाको मुद्रित वा विद्युतीय प्रति ।

(घ) सम्बन्धित पत्रकारको प्रेस काउन्सिलबाट पत्रकार आचारसंहिताको उलङ्घनमा कुनै कारबाहीमा नपरेको स्वघोषणा।